नेपाल सरकार
राष्ट्रिय योजना आयोग
सिंहदरबार, काठमाण्डौं ।

# प्रेस विज्ञप्ति

## नेपाललाई Scaling up Nutrition Champion Award 2017 प्रदान गरिएको सम्बन्धी

संयुक्त राष्ट्र संघको Scaling Up Nutrition (SUN) Movement मा ६० राष्ट्रहरु आवद्ध रही आएका छन् । सन् २०११ देखि नेपाल SUN Movement मा आवद्ध रहेको छ । नोभेम्बर ८, २०१५ मा आइभरी कोष्टमा आयोजना भएको SUN Global Gathering कार्यक्रममा नेपाललाई Scaling up Nutrition Champion Award 2017 प्रदान गरिएको छ । आठ राष्ट्रहरुलाई यो Award प्रदान गरिएको छ । पोषण अभियान कार्यक्रमलाई अभिवृद्धि गर्ने कार्यमा सक्रिय र महत्वपूर्ण योगदान पुऱ्याए वापत यो अवार्ड प्रदान गरिएको हो ।

राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष डा. स्वर्णिम वाग्लेले भन्नुभयो "नेपालमा हरेक वर्ष कुपोषणले २५,००० जना बालबालिकाहरुको अकालमा मृत्यु हुन्छ । हाम्रो लक्ष्य कुपोषणलाई द्रुत गतिमा न्यूनीकरण गर्दै लैजाने हो । सन् २००१ मा ५वर्ष मुनिका बालबालिकाहरुको पुड्कोपन ५७% रहकोमा सन् २०१६मा घटेर यो ३६% पुगेको छ । सन् २०३० सम्म १५% मा झारी दिगो विकासका लक्ष्यहरु प्राप्त गर्ने लक्ष्य नेपाल सरकारको रहेको छ ।"

राष्ट्रिय योजना आयोगका स्वास्थ्य तथा पोषण क्षेत्र हेर्नुहुने माननीय सदस्य प्रा.डा. गीताभक्त जोशी भन्नुहुन्छ, "हामी सडक, यातायातका साधनहरु मर्मत संभार गर्न सक्दछौं तर पुड्को दिमागको मर्मत संभार गर्न संभव हुदैन । पुड्का बच्चाको अर्थ देशको पुड्कै आर्थिक समृद्धि हो । त्यसैले पोषणमा आर्थिक लगानी बढाउनु अहिलेको आवश्यकता हो ।"

नेपाल, पोषणलाई विश्वव्यापी रूपमा बढावा दिने संयुक्त राष्ट्र संघीय अभियानमा सन् २०११ मा संलग्न भएको पाँचौ सदस्य राष्ट्र हो । राष्ट्रिय योजना आयोगको नेतृत्वमा सन् २०१२ मा बहुक्षेत्रीय पोषण योजना, २०६९–७३ (२०१३–२०१७) को तर्जुमा गरी सार्वजनिक गरिएको थियो । यो योजना कार्यान्वयनमा सातवटा विषयगत (स्वास्थ्य, शिक्षा, कृषि विकास, पशुपन्छी विकास, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका र संघीय मामिला तथा स्थानीय विकास) मन्त्रालयहरू संलग्न रहेका छन् ।

हाल बहुक्षेत्रीय पोषण योजना २८ जिल्लाहरुमा लागू भैरहेको छ । बहुक्षेत्रीय पोषण योजना (२०१३-२०१७) को सफल कार्यान्वयनमा राष्ट्रिय योजना आयोगले सातवटा मन्त्रालयहरू, बाह्य विकास साझेदार (यूनिसेफ, ईयू, विश्व बैंक, अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग, अन्य), दातृनिकाय, नागरिक समाज, प्राज्ञिक क्षेत्र तथा सञ्चारमाध्यमसँग समन्वय तथा सहजीकरण गरेको छ । पोषणका क्षेत्रमा वित्तीय स्रोत बृद्धि गर्न राष्ट्रिय योजना आयोगले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । गत आ.ब. २०७३/७४ मा US$110.26 Millions रहेको बजेट चालु आ.ब. US$ 133.46 Million) पुगेको छ ।

दोश्रो चरणको बहुक्षेत्रीय पोषण योजना (सन् २०१८-२०२२) ५०० मिलियन अमेरिकी डलर (आधा बिलियन डलर) बराबरको न्यूनतम लागतको रहनेछ र यसलाई नेपालका सबै जिल्लाहरुमा विस्तार गर्ने योजना रहेको छ ।

कार्तिक २७, २०७४

तुलसी प्रसाद गौतम
सहसचिव एवं प्रवक्ता



